छाँयानाथ रारा नगरपालिका

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०४/१०

छाँयानाथ रारा नगरपालिका

छाँयानाथ रारा नगरपालिका

गमगढी, मुगु

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

कार्यपालिकाबाट पारित मिति : २०७४।०४।१०

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि निमार्ण व्यवसायी ऐन २०५५ को दफा २७, निमार्ण व्यवसाय नियमावली २०५६ को नियम ७ को उप नियम ६ तथा नियम २० को अधिकार प्रत्यायोजन तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी छाँयानाथ रारा नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रराम्भ

**१. संक्षिप्त नाम र प्रराम्भ** : (१) यस कार्यविधी को नाम छाँयानाथ रारा नगरपालिकाको घ वर्ग निमार्ण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी २०७५ रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) ऐन भन्नाले निमार्ण व्यवसाय ऐन २०५५ सम्झनु पर्छ ।

(ख) नियमावली भन्नाले निमार्ण व्यवसाय नियमावली २०५६ सम्झनु पर्छ ।

(ग) समिति भन्नाले यस कार्यविधीको दफा ४(२) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(घ) अध्यक्ष भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) कोष भन्नाले छाँयानाथ रारा नगरपालिकाको मुल संचित कोषलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

### इजाजत पत्रको नीति तथा समिति सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस छाँयानाथ रारा नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-४ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा देहाय बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

| | |
|---|---|
| (क) प्राविधिक शाखाका प्रमुख (इन्जीनियर) वा प्रमुखले तोकेको प्राविधिक | - अध्यक्ष |
| (ख) सब इन्जीनियर (एक) | -सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको व्यक्ति | -सदस्य सचिव |

समितिको बैठक सम्बन्धि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत नगरपालिकाले तोके बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**५. दर्ता किताबः** (१) नगरपालिकाले यस कार्यविधी बमोजिम प्रदान गरिएको इजाजतपत्रको निमार्ण व्यवसाय नियमावली २०५६ को अनुसुची -८ (संसोधन सहित) बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अधावधीक बनाई राख्नुपर्नेछ ।

## परिच्छेद-३

## घ वर्ग निमार्ण व्यवसायी र दायित्व

**६. घ निर्माण व्यवसायीः** (१) निमार्ण व्यवसाय नियमावली २०५६ को नियम १० को उपनियम २ (घ) बमोजिम सोही नियमावलीको अनुसुची -१३ बमोजिमको योग्यता हुनेलाई घ वर्गको निमार्ण व्यवसायी भनिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधी प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त निमार्ण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वतः वर्गिकृत भएको मानिनेछ ।

**७. सार्वजनिक निमार्ण कार्यको विवरण पेश गर्ने दायित्व :** (१) निमार्ण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाण पत्र प्राप्त गरेको पैतिस दिन भित्र निमार्ण व्यवसाय नियमावली २०५६ को अनुसुची-१४ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु सम्बन्धित निमार्ण व्यवसायीको दायित्व हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि सम्बन्धित निमार्ण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको एक प्रति विवरण यस कार्यालयलाई पनि पठाउनु पर्नेछ ।

छाँयानाथरारानगरपालिका

(३) समितिले उपदफा १ बमोजिम प्राप्त विवरणको अभिलेख निमार्ण व्यवसाय नियमावली २०५६ को अनुसुची-१५ बमोजिम राख्नु पर्नेछ ।

**८. निमार्ण व्यवसायीलाई समुहीकरण गर्ने आधार** : निमार्ण व्यवसाय नियमावली २०५६ को नियम १० बमोजिम वर्गीकृत निमार्ण व्यवसायीलाई समुहीकरण गर्ने आधार नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

**९. इजाजतपत्रको अवधि र नवीकरणः** (१) परिच्छेद २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा १७ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अवधिसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र यस नगरपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप संघीय/प्रदेश को कर कार्यालय तथा यस नगरपालिकाको कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस नगरपालिकावाट तोकिए वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न  नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-३ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-३ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**१०. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**११. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**१२. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-४

## बचाउ

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

छायाँनाथरारानगरपालिका

अनुसूची - १
(दफा ४(१) स“ग सम्बन्धित)
ईर्जजाजतपत्रको लागि दिईर्नने दरखास्त

विषय : इजाजतपत्र पाऊ“ भन्ने बारे ।

श्री प्रमुख प्रशासकिय अधिकृत
श्री छाँयानाथ रारा नगरपालिका, गमगढी मुगु ।

निर्माण व्यवसाय ऐन, २०५५ तथा निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :-

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-**

नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन नं. :- फ्याक्स नं.:- ईमेल :-

**२. फर्म वा कम्पनीको प्रकृति**

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-**

नाम थर :-
ठेगाना :- पोष्ट बक्स :-
टेलिफोन :- फ्याक्स :- ईमेल :-

**४. फर्म वा कम्पनीको विवरण :-**

दर्ता नं. :- दर्ता मिति :-
अधिकृत पू“जी :- जारी पू“जी :-
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

**५. इजाजतपत्र लिन चाहेको वर्ग :-**

(नियम १० बमोजिमको वर्ग मध्ये कुनै एक)

**६. समूहीकरण हुन चाहेको समूह :-**

**७. आर्थिक श्रोतको विवरण :-**

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-
(ख) अप्राविधिक :-
(ग) अन्य :-

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल

ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | बीमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बा“ध, नहर, जलाशय, पानी ट्याङकी तथा ढल निर्माण, पाईप बिछ्याउने तथा मर्मत संभार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :-**

क.
ख.
ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सा“चो छ । झुट्ठा ठहरे कानून बमोजिम सहु“ला बुझाउ“ला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

ॐ सतीशरणनगरपालिका

अनुसुची - २

(दफा ४(४) स“ग सम्बन्धित)

इजाजतपत्र

ईजाजतपत्र नं.....................                                          मिति :- .....................

नेपाल सरकार

निर्माण तथा यातायात मन्त्रालय

निर्माण व्यवसाय ऐन, २०५५ को दफा ४ को उपदफा (३) र निर्माण व्यवसाय नियमावली, २०५६ को नियम ६ को उपनियम (१) बमोजिम निर्माण व्यवसाय गर्न ............ स्थित कार्यालय भएको ....................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

कार्यालय :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

मिति :-

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची- ३

निर्माण व्यवसायीबाट सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम यदी भएमा | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण यदि भएमा | Variation को विवरण यदि भएमा | प्रगती विवरण | ठेक्का सम्पन्न विवरण | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम | क) थप समय | क) Variation पछीको contract amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | | | | | | | |
| | | | | | ख) सम्झौता मिति | ख) पद | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | | | | | | | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | | | | | | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | | | | | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पदः | पदः | |
| | | | | | | | | | | | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | | | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसुची-४

<u>“घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता</u>

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।